# कीर्तिपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# कीर्तिपुर, काठमाडौं

## आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि आपूर्ति सम्वन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७९/०७/०६)

यस कीर्तिपुर नगरपालिकामा आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि आपुर्ती गर्न सिलबन्दी दरभाउपत्रका माध्यमबाट खरिद गरी संचालन गर्नुपर्ने भएकोले ईजाजत प्राप्त सप्लायर्स, थोक विक्रेता तथा कम्पनीहरुबाट निम्न शर्तको अधिनमा रही रित पुर्वक सिलबन्दी दरभाउपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

१. दरभाउपत्र फाराम खरिद, दर्ता, खोलीने तथा दस्तुर सम्बन्धी विवरण तपशिलमा उल्लेख भए बमोजिम हुनेछ ।

२. दरभाउपत्र फारम खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन विदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिनलाई अन्तिम दिन मानिनेछ ।

३. सिलबन्दी दरभाउपत्र दाखिला गर्दा लागत अनुमानको कुल रकमको २.५ प्रतिशत ले हुने रकम धरौटीको रुपमा यस नगरपालिकाको नाममा कृषि विकास बैंक लिमिटेड, शाखा कार्यालय कीर्तिपुरमा रहेको धरौटी खाता नं. **०२१११०००४७२७७१२५** मा जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकले जारी गरेको जमानी पत्र संलग्न भएको हुनुपर्नेछ ।

४. नगरपालिकाको हितलाई ध्यानमा राखि प्राप्त दरभाउपत्रहरु पूर्ण वा आंशिक स्वीकृत गर्ने वा नगर्ने सर्म्पूण अधिकार यस कीर्तिपुर नगरपालिकामा सुरक्षित रहनेछ ।

५. यो सूचनामा उल्लेख हुन छुट भएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमाली २०६४ तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

६. कार्यालयमा औषधि दाखिला हुन आउदा कम्तीमा १८ महिनाको म्याद हुनु पर्नेछ तर कुनै औषधिको जम्मा Expiry Date १८ महिना भन्दा कम हुने अवस्थामा जम्मा Self Life को कम्तीमा ७५ प्रतिशत म्याद दाखिलाको मिति सम्म बाँकी हुनुपर्नेछ ।

७. दरभाउपत्र फाराममा प्रत्येक औषधीको आइटम वाइज प्रति एकाई मुल्य अंक र अक्षरमा र जम्मा मुल्य अनिवार्य रुपले भर्नु पर्नेछ । कुल मुल्य उल्लेख नगरेको फर्म मान्य हुने छैन ।

८. अन्य थप केही कुराहरु बुझ्न परेमा यस नगर कार्यपालिकाको कार्यालय, जिन्सी शाखा/स्वास्थ्य शाखामा कार्यालय समयभित्र कार्यालयको फोन नं. ०१४३३१६९३, ०१४३३१८०५ वा ईमेल ठेगाना ict.munkirtipur@gmail.com वा वेवसाईट www.kirtipurmun.gov.np मा सम्पर्क गर्न सकिनेछ ।

**तपसिल :**

| **क.सं.** | **ठेक्का नं.** | **सामग्रीको विवरण** | **लागत अनुमान** | **दरभाउपत्र खरिद गर्ने अन्तिम मिति, समय र स्थान** | **दरभाउपत्र दर्ता गर्ने र खोल्ने मिति समय र स्थान** | **दरभाउपत्र फाराम दस्तुर** |
|---|---|---|---|---|---|---|
| 1 | KRM - 14/2079/080 | आधारभूत तथा आकस्मिक स्वस्थ्य सेवाको लागि औषधि आपूर्ति | रु २६,५०,०००।- | प्रथम पटक प्रकाशित मितिले १५ दिन भित्र । की.न.पा. कार्यालय (कार्यालय समय भित्र) | १६ औं दिन, दिनको १२:०० बजे सम्म दर्ता गर्ने र सोही दिनको साँझ ३:०० बजे की.न.पा कार्यालयमा खोलिने । | रु.१०००।- |